बैठक संख्या-८२
समय- दिनको २:०० बजे

आज मिति २०८३ भदौ ११ गते विहिबारका दिन बिर्तामोड नगरपालिकाको कार्यपालिका बैठक नगर प्रमुख श्री पवित्रादेबी महतारा प्रसाईज्यूको अध्यक्षतामा निम्न वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी निम्न विषयमा छलफल गरियो ।

**उपस्थिती**

| सि.न. | पद | नाम,थर | हस्ताक्षर |
|---|---|---|---|
| १) | नगर प्रमुख | श्री पवित्रादेवी महतारा प्रसाई | |
| २) | नगर उप–प्रमुख | श्री नगेन्द्र प्रसाद संग्रौला | |
| ३) | १ नं. वडा अध्यक्ष | श्री अग्नी प्रसाद पाण्डे | |
| ४) | २ नं.वडा अध्यक्ष | श्री किशोर कुमार पौडेल | |
| ५) | ३ नं. वडा अध्यक्ष | श्री मदन बुढाथोकी | |
| ६) | ४ नं.वडा अध्यक्ष | श्री राहुल कुमार शर्मा | |
| ७) | ५ नं वडा अध्यक्ष | श्री रोहित प्रसाईं | |
| ८) | ६ नं.वडा अध्यक्ष | श्री सुर्य प्रसाद कन्दङ्गवा | |
| ९) | ७ नं.वडा अध्यक्ष | श्री कृष्ण प्रसाद खरेल | |
| १०) | ८ नं.वडा अध्यक्ष | श्री अजय कार्की | |
| ११) | ९ नं.वडा अध्यक्ष | श्री हरि प्रसाद चौलागाई | |
| १२) | १० नं.वडा अध्यक्ष | श्री दुर्योधन गुरुङ | |
| १३) | कार्यपालिका सदस्य | श्री यमुना देवी आचार्य | |
| १४) | कार्यपालिका सदस्य | श्री तिला गौतम | |
| १५) | कार्यपालिका सदस्य | श्री निर्मला देवी सुनार | |
| १६) | कार्यपालिका सदस्य | श्री लक्षिमा खतिवडा | |
| १७) | कार्यपालिका सदस्य | श्री संगिता सिवा | |
| १८) | कार्यपालिका सदस्य | श्री जगतबन्धु राजबंशी | |
| १९) | कार्यपालिका सदस्य | श्री सिता ढुङ्गाना बि.क. | |
| २०) | कार्यपालिका सदस्य | श्री शर्मिला राजवंशी | |
| २१) | सदस्य सचिव (प्र.प.अ.) | श्री सागर मिश्र | |

**निर्णय नं.१-** यस भन्दा अघि भएको कार्यपालिका बैठकका निर्णयहरुको कार्यान्वयन प्रगति सन्तोषजनक रहेको समिक्षा गरियो ।

**निर्णय नं.२** यहि भाद्र १० गते बुधबार रसुवा जिल्लाको भोटेकोशी नदिमा आएको अनपेक्षित, अप्रत्याशित तथा बिनासकारी बाढिको कारण रसुवा, नुवाकोट, धादिङ, गोरखा लगायतका जिल्लाहरुमा भएको ठूलो जनधनको क्षति भएको घटना प्रति यस बिर्तामोड नगरपालिका अत्यन्तै मर्माहत भएको छ । यस विपतका कारण ज्यान गुमाउनु भएका सबै नागरिकहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै घाइतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछ । साथै विपतमा परेका नागरिकहरुको उद्धार राहत उपचार तथा पुनस्थापना कार्यमा सहयोग पुर्याउने उद्धेश्यले नगरपालिकाको तर्फबाट प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा हुने गरि रु ५,००,०००।– (अक्षेरेपि रु पाचँ लाख मात्र ) सहयोग रकम उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.३ –** बिर्तामोड नगरपालिकाको दोस्रो नगरसभाको नवौं अधिवेशनबाट स्वीकृत भएको आ.व. २०८३/०८४ को नीति बजेट तथा कार्यक्रम कार्यान्वयन गर्न यहि भाद्र अन्तिम हप्ताबाट योजनाहरु सञ्चालन गर्न प्राविधिक लागत स्टिमेट तयार गर्ने, उपभोक्ता समिति गठन तथा ठेक्का विडिङ प्रकृया सुरु गर्ने गरि कार्यतालिका तयार गरि कार्य अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं.४-** बिर्तामोड नगरपालिका वडा नं ६ बस्ने साइमन हस्दाको वोन म्यारो भई बि एण्ड सी मेडिकल कलेज बिर्तामोड झापामा उपचार गराई रहेको र निजको आर्थिक अवस्था ज्यादै कमजोर भएको हुदाँ निजलाई उपचार खर्च बापत रु १,००,०००।– (अक्षेरेपि रु एक लाख मात्र) उपलब्ध गराउने निर्णय गरियो । साथै बिर्तामोड नगरपालिका वडा नं ६ बस्ने देबी प्रसाद तिम्सिनाको मृगौलामा समस्या भई मृगौला प्रत्यारोपण गर्नुपर्ने भएको र निजको आर्थिक अवस्था ज्यादै कमजोर भएको हुदाँ निजलाई उपचार खर्च बापत रु ५०,०००।– (अक्षेरेपि रु पचाँस हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.५-** बिर्तामोड नगरपालिका वडा नं ५ अन्तर्गत पुरानो भद्रपुर रोड डाडागाउँमा मिति २०८३/०४/१४ गते विहानको ३ बजेर १५ मिनेटमा गणेश बहादुर खत्रीको घरमा अचानक विद्युत सर्ट भई आगलागीबाट गणेश बहादुर खत्री, कृष्ण कुमारी ढकाल, सुन्दरलाल राजवंशी र बिजुली सरी राजवंशीको घरमा पूर्ण क्षति भएको र निजहरुको आर्थिक अवस्था समेत ज्यादै कमजोर भएको हुदाँ सो आगलागी पिडिहरुलाई प्रति परिवार रु १,००,०००।–(अक्षेरेपि रु एक लाख मात्र) का दरले उपलब्ध गराउने निर्णय गरियो । साथै बिर्तामोड नगरपालिका वडा नं ४ बस्ने कल्पना ओलीको पसलमा मिति २०८३ भाद्र १ गते विहानको समयमा अचानक विद्युत सर्ट भई आगलागी भएको हुदाँ निज आगलागी पिडितलाई रु ५०,०००।– (अक्षेरेपि रु पचास हजार)

बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय बिर्तामोड, झापा कोशी प्रदेश, नेपाल

धिविआदेती ... प्रसाइ
नगर प्रमुख

सागर मिश्र
प्रमुख प्रशासकीय अधिकृत

र वडा नं ७ बस्ने मुना देवी संग्रौलाको ६ कठ्ठा जग्गामा लगाएको खेति जंगली हात्तीको समुहले नष्ट गरेको हुदाँ निजलाई रु २०,०००।- (अक्षेरपि रु बिस हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.६**- बिर्तामोड नगरपालिका भित्र रहेका सामुदायिक विद्यालय कर्मचारी र कार्यालय सहयोगी उमेर हदको कारण अवकाश हुदाँ प्रोत्साहन स्वरुप प्रत्येकलाई जनही रु १,००,०००।– (अक्षेरपि रु एक लाख मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.७** – बिर्तामोड नगरपालिका वडा नं ९ ज्येष्ठ नागरिक भवन निर्माणका लागि वडा नं ९ निवासी श्री कृष्ण चुडालले एक कठ्ठा जग्गा दान दिनुहुने भएको हुदाँ सो जग्गा प्राप्तिको लागि आवश्यक प्रकृया अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं.८** – बिर्तामोड नगरपालिका वडा नं ६,७ र ८ मा अवस्थित बुट्टाबारी प्याकुरेल सडकमा Street Light बाल्ने विषयमा विद्युत प्राधिकरण बिर्तामोडसगँ समन्वय गरि आवश्यक प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं.९**- बिर्तामोड नगरपालिकाको आ.व. २०८३/०८४ को लागि राजश्व परामर्श समितिबाट निर्धारण गरिएको न्युनतम कवोल अंकमा ३० (तीस) प्रतिशत घटाई आन्तरिक आय संकलन (ठेक्का बस्दोबस्त) कार्यविधि, २०७७ (संशोधन सहित) बमोजिम ठेक्का आह्वान गर्ने निर्णय गरियो ।

**निर्णय नं.१०**– नगर प्रमुखस्तरीय निर्णयबाट भएका देहाय बमोजिमका योजना तथा कार्यक्रम अनुमोदन गर्ने निर्णय गरियो ।

**तपशिल**

| क्र.सं | योजना तथा कार्यक्रम | बिनियोजित रकम | बजेट खर्च शीर्षक /कार्यक्रम |
|---|---|---|---|
| १ | अनारमनि सामाजिक युवा क्लबको सहकार्यमा दौड प्रतियोगिता कार्यक्रम | १ लाख | अन्य लक्षित/२२५२२ |
| २ | Hair Grooming बिर्तामोडको सहकार्यमा Men's Hair Grooming Competition | ६० हजार | अन्य लक्षित/२२५२२ |
| ३ | वडा नं ३ को वडा कार्यालय भवन पार्टीसन तथा मर्मत | १० लाख | मर्मत संभार कोष/३११५९ |

पवित्रादेवी मानतारा प्रसाई
नगर प्रमुख

सागर मिश्र
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ११**– आगामी नगर सभाबाट अनुमोदन हुने गरी वडा नं ८ को वडास्तरीय योजना तथा कार्यक्रम धर्म तिज, दधिकादो, सोहराय लगायतका पर्व) तथा संस्कृती (खर्च शीर्षक नं १९८.२३.१.३७७, २२५२२) मा रहेको रु २,५०,०००।- बाट रु १ लाख मिति २०८३ भदौ १० गते रसुवा, धादिङ, नुवाकोटमा आएको बाढीबाट प्रभावितलाई सहयोगार्थ प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्ने गरी कार्यक्रम संशोधन गर्ने निर्णय गरियो।

**निर्णय नं. १२**– आगामी बिर्तामोड नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, नगर प्रमुख, नगर उप प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, न्यायिक समिति, सम्पूर्ण शाखा तथा शाखा प्रमुख, १० वटै कार्यालय, वडा अध्यक्ष, वडा सचिव, भू उपयोग परिषद्, भू उपयोग परिषद्का पदाधिकारी समेत विपक्षी भई पर्न आउने मुद्दाका सम्बन्धमा लिखित जवाफ पेश गर्न, वारेस मुकरर गर्न कानून व्यवसायी नियुक्त गर्ने सम्पूर्ण कार्यका लागि बिर्तामोड नगरपालिका न्यायिक समितिमा कार्यरत अधिकृत छैटौ श्री ज्योति नेउपानेलाई दिने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. १३**– बिर्तामोड नगरपालिका, बिर्तामोड नगर अस्पतालमा कार्यरत कर्मचारी सि.अ.न.मी (अधिकृतस्तर छैटौ) श्री डम्बरमाया बास्कोटाले बुहारीको सुत्केरी स्याहारका लागि अष्ट्रेलिया जानुपर्ने कारण देखाई मिति २०८३।१०।०१ गतेदेखि मिति २०८४।०३।३० गते सम्म ६(छ) महिनाको असाधारण (बेतलवी) विदा स्वीकृतको लागि मिति २०८३।०५।०८ गते यस कार्यालयमा निवेदन पेश गरेको हुदाँ निज डम्बरमाया बास्कोटालाई ६ महिना सम्मको असाधारण (बेतलबी) बिदा स्वीकृत गर्ने निर्णय गरियो।

सागर मिश्र
प्रमुख प्रशासकीय अधिकृत

पवित्रादेवी भट्टराई प्रसाई
नगर प्रमुख